श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं

फैसला

२०७९।०८० सालको निर्णय नं.९४

पुनरावेदन नं. ०७५-RB-०३९४

मुद्दाः– आयकर (२०६६/०६७) ।

काठमाडौ जिल्ला का.म.न.पा. गहनापोखरीस्थित सि.जि.जि.सि. चमेलीया प्रोजेक्ट डिपार्टमेन्ट अफ नेपाल (स्थायी लेखा नं. ३०२४८३३९६) को तर्फबाट अख्तियार प्राप्त Li Ping..१ } पुनरावेदक

विरुद्ध

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ......................................१

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७३/३/२९

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५/११/१४

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री समीर शर्मा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

अवलम्वित नजीरः ×

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७३/३/२९ को निर्णय र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५/११/१४ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम दर्ता हुन आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

तथ्य खण्ड

१. प्रस्तुत करदाता सि.जि.जि सि. चमेलीया प्रोजेक्ट डिपार्टमेन्ट अफ नेपालले आ.व. २०६६।०६७ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.२५,३२,६७,१५७।६० नोक्सानी कायम गरी मिति २०६८।०९।२८ मा आय विवरण पेश गरेको ।

२. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नभएको/ कट्टी गर्न नपाउने खर्च रकम दावी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि जम्मा रू.६४,०९,८८,०२६।०८ कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७३।०३।०६ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।०३।०६ मा जारी भएको सूचना करदाताले मिति २०७३।०३।०८ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७३।०३।२४ मा पेश गरेको ।

४. करदाताको आ.व. २०६६/०६७ का लागि रू.६४,०९,८८,०२६।०८ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०३/२९ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०३/२९ मा जारी गरेको आ.व. २०६६/०६७ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सि.जि.जि.सि.चमेलीया प्रोजेक्ट डिपार्टमेन्ट अफ नेपालले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०५/२७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताको जिकिर, कार्यालयको प्रतिक्रिया तथा फायलसाथ संलग्न कागजात अध्ययन गर्दा, करदाताले झुट्टा नक्कली विलविजकबाट खर्च कट्टी नपाउने, दीर्घकालिन करार अनुसारको मुनाफा आयमा समावेश गर्नुपर्ने, संशोधित कर निर्धारण जानकारी पाएको मितिले एक बर्ष भित्र गरेको कानुनसम्मत रहेको, पचास हजार भन्दा बढी रकमको भुक्तानी बैंक मार्फत गर्नुपर्नेमा नगद भुक्तानी गरेको खर्च कट्टी गर्न नमिल्ने, कारोवारस्थलमा नभएको फर्म र कारोवार नै नभएको झुट्टा नक्कली विजकबाट खर्च कट्टी नदिने र व्यापार मौज्दातको लागत खर्च कट्टी गर्न नदिई गरिएको संशोधित कर निर्धारण आदेश आयकर ऐन, २०५८ बमोजिम मिलेकै देखिंदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।११।१४ मा भएको निर्णय ।

७. विपक्षी कार्यालयहरुबाट विगत बर्षहरुको नोक्सानी सम्बन्धी मुद्दाहरु माथिल्लो निकायमा विचाराधीन अबस्थामा रहेकोले गतबर्षहरुको नोक्सानीलाई कट्टा गर्नै नदिई कर निर्धारण गरिएकोछ। आयकर ऐन, २०५८ को दफा १२० बमोजिम शुल्क निर्धारण गर्दा पचास प्रतिशत वा सय प्रतिशत कुन शुल्क लगाउने हो सोको आधार र कारण खोल्नु पर्ने व्यवस्था रहेकोमा सो समेत गरेको नदेखिँदा आयकर ऐन, २०५८ को दफा १०१ अनुसार संशोधित कर निर्धारण गरिएको आदेश र सोही आदेश सदर गर्ने गरी विभागबाट भएको निर्णय सोही ऐनको दफा ११७, ११८, ११९ एवं दफा १२० विपरित रहेको हुँदा गैर कानूनी रुपमा लगाइएको सम्पूर्ण कर, सोको व्याज एवं शुल्क खारेज गरी न्याय पाउँ भन्ने वेहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६।०३।१३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/२९ मा भएको आदेश ।

९. यसै मुद्दासँग सम्बन्धित यिनै पुनरावेदकको आ.व. २०६४ देखि ०६७ सम्मको मूल्य अभिवृद्धि कर ९७-०६८-०६२ आ.व. २०६४/०६५ को मूल्य अभिवृद्धि कर पुनरावेदन नं. ००१८७, आ.व. २०६४/०६५ को आयकर ००१८६ आ.व. २०६४/०६५ को आयकर ९७-०७२-०००८ आ.व. २०६४/०६५ को मूल्य अभिवृद्धि कर पुनरावेदन नं. ९७-०७२-०००९ का मुद्दाहरु यस न्यायाधिकरणको मिति २०७१।०९।०१ र

२०७३।०१।२९ को आदेशानुसार मुल्तवीमा रहेको देखिँदा सो मुल्तवी आदेशमा भएको आदेशानुसारको मिसिल कागज प्रमाण सम्बन्धित कार्यालयबाट झिकाई आएपछि मुल्तवीबाट जगाई साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०८/२३ मा भएको आदेश ।

१०. यसमा बहसको क्रममा प्रस्तुत गरिएका विषयबस्तु र त्यसको पुष्टी गर्ने तर्क कानून एंव सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत उल्लेख गरी १५ दिन भित्र पुनरावेदक तर्फका विद्धान अधिवक्ता र प्रत्यर्थी तर्फका विद्धान उपन्यायाधिवक्तालाई लिखित बहसनोट पेश गर्न जानकारी गराई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०४/२३ मा भएको आदेश।

११. आ.ब.२०६६/६७ को सशोधित कर निर्धारण २०७१ असोज मसान्तसम्ममा गरिसक्नुपर्नेमा आयकर ऐन, २०५८ को दफा १०१(४) को अबस्था बिना नै चार बर्ष पछि मिति २०७३/०३/२९ मा हदम्याद नघाई निर्णय भएको छ। पुनरावेदकको साइट दुर्गम क्षेत्रमा पर्ने भएकोले day to day expenses को लागि वैकिङ सुविधा पनि नभएकोले Lump sum मा लेखाङ्कन गर्दा पचास हजार भन्दा बढी देखिएकोमा सोलाई मान्यता नदिएको निर्णय, विभिन्न फर्मबाट खरिद गरिएको भुक्तानी कम्पनीले गरिरहेको अवस्थामा सो खरिदमा तिरेको कर मिलान गर्न नपाउने गरी गरिएको निर्णय, करदाताले गरेको विभिन्न खरिदका प्रमाण पेश गर्दा गर्दै पनि सो खरिदलाई अमान्य गर्ने निर्णय, करदातालाई सार्वजनिक निकायको परिभाषा भित्र पारी अनुमानको भरमा कर कार्यालयले दीर्घकालीन करार अनुसार १५% मुनाफा कायम गरी कर निर्धारण गरेको एवं गत आर्थिक बर्षको नोक्सानीलाई खर्च कट्टी गर्न नदिई साथै करदातालाई सफाईको मौका नदिई आयकर ऐन, २०५८ वमोजिम निर्धारण गरिएको कर, व्याज, शुल्क र जरिवाना लाग्ने होइन। ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर होस भन्ने समेत व्यहोराको पुनरावेदक करदाताको तर्फबाट विद्वान् अधिवक्ता श्री समीर शर्माले मिति २०७९/०५/०५ मा यस न्यायाधिकरणमा पेश गरेको बहसनोट।

१२. आयकर ऐन २०५८ को दफा १०१(४) बमोजिम आ.व. २०६६।६७ को संशोधित कर निर्धारणको जानकारी पाएको मितिले १ वर्ष भित्र गरेको र कर निर्धारणको जानकारी करदाता कम्पनीलाई समेत दिएको, एकैपटक भुक्तानी गरेको रकम नभै पटक पटक भुक्तानी गरेको विलविजकलाई भौचर मात्र एउटा बनाएको हो भने पनि त्यसको प्रमाण पेश नगरेको, एउटै भुक्तानीलाई टुक्रा गरी खर्च गरेकोले आयकर ऐन २०५८ को दफा २१(२) अन्तर्गत खर्च कट्टी दिन नमिल्ने, कर निर्धारणको खण्डन गर्न प्रमाण पेश गर्न नसकेको, खर्चका विजक नक्कली पेश गरेको साथै करदाताले दावी गरेका खर्चहरु झुट्टा

विजकको आधारमा रहेको पुष्टी भैरहेको अवस्थामा खर्च कट्टी पाउनु पर्ने जिकिर नमिलेको, साथै आयकर ऐन, २०५८ को दफा २६ तथा नेपाल लेखामान-१३ र आयकर निर्देशिका २०६६ को व्यबस्था बमोजिम कारोबारबाट आय गणना गर्दा निवेदकले अनुमानित लागत पेश नगरेको अवस्थामा १५ प्रतिशत दरमा मुनाफा कायम गर्दा हुन आउने रकमलाई अनुमानित लागत मानी आयको गणना गरेको र सोमा अग्रिम कर कट्टी गर्ने गरी गरेको निर्णय कानुनसम्मत नै रहेकोछ। आयकर ऐन २०५८ को दफा २०(१) बमोजिम बाँकी नोक्सानी कट्टि गर्न पाउने व्यवस्था गरेकोमा उक्त नोक्सानी कानून बमोजिम कट्टी गर्न पाउने नै हुँदा कानून बमोजिम निर्धारण गरिएको संशोधित कर अदालतबाट अन्यथा प्रमाणित नभएसम्म अन्तिम हुने हुँदा नोक्सानी खर्च दावी नपाउने गरी ठुला करदाता कार्यालय हरिहरभवनबाट भएको संशोधित कर निर्धारण आदेश र सो निर्णय सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेकै देखिँदा सदर गरी पाउँ भनी विशेष सरकारी वकील कार्यालय,काठमाण्डौका विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले मिति २०७९/०५/०६ मा यस न्यायाधिकरणमा पेश गरेको बहसनोट।

ठहर खण्ड

१३. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सि.जि.जि.सि. चमेलिया प्रोजेक्ट डिपार्टमेन्ट अफ नेपाल प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री समीर शर्माले आ.ब.२०६६/६७ को सशोधित कर निर्धारण गर्दा चार बर्ष पछि हदम्याद नघाई भएको, पुनरावेदकको साइट दुर्गम क्षेत्रमा पर्ने भएकोले Lump sum मा लेखाङ्कन गर्दा पचास हजार भन्दा बढी देखिएकोमा सोलाई मान्यता नदिएको, बिभिन्न फर्मबाट खरिद गरिएकोमा सोमा तिरेको कर मिलान गर्न नपाउने र करदाताले गरेको विभिन्न खरिदका प्रमाण पेश गर्दा गर्दै पनि सो खरिदलाई अमान्य गर्ने, गत आर्थिक बर्षको नोक्सानीलाई खर्च कट्टी गर्न नपाउने एंव करदातालाई सार्वजनिक निकायको परिभाषा भित्र पारी दीर्घकालिन करार अनुसार १५% मुनाफा कायम गरी निर्धारण गरिएको कर, व्याज, शुल्क र जरिवाना लाग्ने गरी भएको संशोधित कर निर्धारण आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१५. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहसनोट एंव बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, सर्वप्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नु पर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को (१) मा "**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने** कानूनी व्यवस्था गर्दै "**खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रको दोस्रो पृष्ठमा निर्धारित कर रकम रु.४६,०२,५४,२००।१८ रहेको सो मध्ये अग्रीम दाखिला रकम रू.१,३८,०४,०५२।४५ रहेको र प्रशासकीय पुनरावलोकनमा निवेदन पेस गर्दा रू.१३,९६,१४,०१४।२८ दाखिला गरेको र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा रु.७,६७,०९,०३३।३६ धरौटी वापत जम्मा गरिएको छ भनी व्यहोरा लेखी भौचरको प्रति समेत संलग्न गरेको देखियो। प्रस्तुत मुद्दामा विवादित कर रकम रु.४६,०२,५४,२००।१८ रहेको र धरौटी वापत दाखिल गरेको रकम रु. २३,०१,२७,१००।०९ भई विवादित कर रकमको पचास प्रतिशत रकम जम्मा भएको मिसिलबाट देखियो। रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

१७. अब पुनरावेदक करदाताको पुनरावेदन पत्र हेर्दा, पहिलो पुनरावेदन जिकिर आयकर ऐन, २०५८ को दफा १०१(३) को खण्ड (क) को व्यवस्था बमोजिम आय विवरण पेश गर्नुपर्ने मितिले र खण्ड (ख) को व्यवस्था बमोजिम कर निर्धारणको सूचना दिएको मितिले चार बर्ष भित्र कर निर्धारण गरिसक्नुपर्नेमा चार बर्ष नघाई मिति २०७३।०३।२९ मा गरिएको संशोधित कर निर्धारण आदेश त्रुटीपुर्ण रहेको भन्ने देखियो। ठूला करदाता

कार्यालय, हरिहरभवन, ललितपुरमा पुनरावेदक करदाताले २०६६।०६७ को आय विवरण मिति २०६८।०९।२८ मा बुझाएको देखिन्छ। आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय व्यहोरामा आयकर ऐन, २०५८ को दफा १०१(४) को कानूनी प्रावधान बमोजिम आर्थिक वर्ष २०६६।०६७ को संशोधित कर निर्धारण गर्ने सम्बन्धमा ठुला करदाता कार्यालयबाट मिति २०७२।१०।०४ मा निर्णय भएको भन्ने उल्लेख भएको पाइयो। आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (४) मा "जालसाजीले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढंगबाट भएको रहेछ भने जुनसुकै बखत विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्नेछ। यसरी संशोधन गर्दा जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी प्राप्त भएको एक बर्षभित्र संशोधन गरिसक्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। पुनरावेदकले नक्कली वील विजकबाट मुल्य अभिबृद्धि कर क्रेडिट दावी गरी सो वील बिजकबाट खर्च कट्टी दावी गरेको आधारमा ठुला करदाता कार्यालयलाई मुल्य अभिबृद्धि कर तर्फ पुनःकर निर्धारण गर्न आन्तरीक राजस्व विभागको मिति २०७२।११।०३ को निर्णय अनुसार २०७३ आषाढ मसान्तसम्म कर परिक्षण सम्पन्न गर्न स्वीकृति दिएको आधारमा ठुला करदाता कार्यालयबाट यी पुनरावेदक करदाताको कर परीक्षण भएको देखिन्छ। त्यसैले करदाताले जालसाजी गरी विवरण राखेको कुरा ठुला करदाता कार्यालयले मिति २०७२।१०।०४ मा जानकारी पाइ उक्त मितिले एक वर्ष भित्र अर्थात २०७३।०३।२९ मा ठुला करदाता कार्यालय ललितपुरबाट संशोधित कर निर्धारण आदेश गरेकोबाट आयकर ऐन, २०५८ को दफा १०१ बमोजिमको हदम्याद नघाई कर निर्धारण गरेको भन्ने करदाताको पुनरावेदन जिकिर कानुनसम्मत नदेखिँदा हदम्याद नघाई ठुला करदाता कार्यालय ललितपुरबाट कर निर्धारण भएको भन्ने जिकिरसंग सहमत हुन सकिएन।

१८. अव पुनरावेदक करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा,करदाताले एक पटकमा पचास हजार भन्दा बढीको रकम भुक्तानी गर्दा बैक मार्फत नगरी नगद नै गरेकोलाई मान्यता नदिएको भन्ने देखियो। करदाताले प्रोजेक्टको कार्य क्षेत्र दुर्गमस्थानमा रहेको र बैंकको सुविधा समेत नभएको कारणले पटक पटक भएको ढुवानीको लेखांकन एउटै भौचरबाट भए पनि लेखांकन प्रमाणित गर्ने बील भौचर र लेजर संलग्न रहेकोले पचास हजार भन्दा बढी देखिएको भनी उल्लेख गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २१(२) मा **"कुनै आय वर्षमा वीस लाख रूपैया भन्दा बढीको वार्षिक कारोवार गर्ने व्यक्तिले देहायका अवस्थामा वाहेक सो आय वर्षमा एक पटकमा पचास हजार रुपैया भन्दा बढीको नगद भुक्तानी गरेमा सो कट्टी गर्न पाउने छैन"** भनी देहायको खण्ड (घ) मा "वैंकिङ सेवाहरु उपलब्ध नभएको स्थानमा गरिएको भुक्तानी" भन्ने उल्लेख भएको देखिन्छ। सि.जि.जि.सी. चमेलिया प्रोजेक्ट दार्चुलाको धमेलिया भन्ने स्थानमा संचालित हाइड्रो पावर परियोजना रहेको

देखिन्छ। करदाताले दार्चुलामा बैंक सेवा उपलब्ध नभएकोले ५० हजार भन्दा बढी रकमको भुक्तानी नगदमा भएको भनि दावी लिएको र सो भुक्तानी एकै पटकको नभई भौचर मात्र एउटै रहेको भनी लिखित जवाफ पेश गरेको देखिन्छ। करदाताले मालबस्तु ढुवानी गरेको स्थान, विवरण एवं ढुवानीकर्ताको ठेगाना खुलाई लिखित जवाफ साथ खर्चलाई पुष्टी गर्ने प्रमाण पेश गर्न सकेको देखिदैन। दार्चुलामा बैंकिङ सेवा नरहेको भनी लिएको जिकिर समेत विश्वसनीय देखिदैन। ढुवानी कर्तालाई भुक्तानी गरेको रकम पुष्टी हुने गरी विल भौचर र विजक जस्ता तथ्ययूक्त आधार र प्रमाणहरु पेश गरी खर्चलाई पुष्टी गर्नुपर्नेमा करदाताको प्रमाणको विना दावीलाई स्वीकार गरी पचास हजार भन्दा वढी रकमको भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा २१(२) वमोजिम खर्च कट्टी दिन मिल्ने कानूनी आधार देखिएन। त्यसैले नगद भुक्तानी गरेको रु.३,२०,०५९।४० लाई खर्च कट्टीको मान्यता दिन नमिल्ने गरी भएको निर्णयलाई अन्यथा भन्न मिलेन।

१९. पुनरावेदक करदाताले लिएको तेस्रो पुनरावेदन जिकिर हेर्दा, करलेखा परीक्षण प्रतिवेदनका आधारमा विपक्षी कार्यालयले करदाताले विभिन्न फर्मसंग गरेको खरिदलाई अमान्य गरी रू.२३,९५,९१,८२८।२९ खर्च कट्टी गर्न नमिल्ने गरी भएको निर्णय गैर कानूनी रहेको जिकिर लिएको देखिन्छ। करदाताले विभिन्न २४ वटा फर्मबाट रू.१७,०१,१८,७६३।— र बाँकी १४ वटा फर्मबाट रू.६,९४,७३,०६४।-सामान खरिद गरी खर्च भएको मुल्य अभिवृद्धि कर तर्फ क्रेडिट दावी गरेको र आयकर तर्फ समेत जम्मा रू.२३,९५,९१,८२८।२९ को खर्च कट्टी दावी गरेको देखियो। आयकर ऐन, २०५८ को दफा २(य) मा "निःसर्ग" भन्नाले दफा ४० मा उल्लेख भए वमोजिम कुनै सम्पत्ति वा दायित्वको विक्री वा हस्तान्तरण समेतको निःसर्ग सम्झनुपर्छ भन्ने उल्लेख भएको देखिन्छ। सोही ऐनको दफा ४० मा "कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिन्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १५(१) मा "कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यक्तिको व्यवसायको व्यापार मौज्दातको निःसर्गका सम्बन्धमा उपदफा (२) वमोजिम गणना गरिएको लागतको खर्च कट्टी (एलाउन्स) वाहेक अन्य कुनै पनि खर्च कट्टी गर्न पाउने छैन।" भन्ने र दफा १५(२) मा उपदफा (१) बमोजिमको लागतको खर्च कट्टीको गणना देहाय वमोजिम खण्ड (क) को रकमबाट खण्ड (ख) को रकम घटाई गर्नुपर्ने छः-

(क) कुनै आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मुल्यमा सो वर्षमा सो व्यवसायबाट प्राप्त गरिएको व्यापार मौज्दातको लागत जोडी हुने रकम,

(ख) खण्ड (क) वमोजिमको आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको अन्तिम मुल्यको रकम।

करदाताले कारोवार गरेका भनी उल्लेख गरिएको फर्महरु कतिपयको कारोवारस्थल नै नरहेको र कारोवार नै नभएको देखिन्छ। कति फर्महरु झुट्टा एवं नक्कली विजक तयार गरी खर्च दावी गर्ने उद्देश्यले दर्ता गरिएको देखिन्छ। गणपति समिल लगायतका कतिपय फर्महरु काठमाडौंमा कारोवार स्थल भएको देखिन्छ। दार्चुलामा रहेको आयोजनालाई आवश्यक पर्ने काठ जस्ता सामान काठमाडौंबाट सप्लाई गरेको भनी लिएको दावी मनासिव र विश्वासयोग्य नै रहेको देखिदैन। करदाताले हचुवाको भरमा प्रमाण विनाको दावी लिएको देखिन्छ। आफुले लिएको दावीलाई पुष्टी गर्ने प्रमाण वस्तुनिष्ठ भरपर्दो र सर्वस्वीकार्य समेत हुन आवश्यक रहन्छ। कर लेखापरिक्षण प्रतिवेदन उपलब्ध नगराई करदातालाई सुनुवाईको मौका प्रदान नगरेको भन्ने समेत करदाताको दावी रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिम कर निर्धारण संशोधन गर्दा विभागले त्यसरी संशोधन गर्नु परेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो कर निर्धारण सम्बन्धमा सफाईको सवुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्ने कानूनी व्यवस्था वमोजिम करलेखा परिक्षण प्रतिवेदन पछि करदातालाई सूचना जारी भएको मिसिलबाट देखिँदा सुनुवाईको मौका प्रदान नभएको भन्ने मान्न सकिएन। नक्कली वील विजक समेत राखी खर्चकट्टी दावी लिएको देखिईरहेको अवस्थामा आयकर ऐन, २०५८ को दफा १५ वमोजिम व्यापार मौज्दातको लागत खर्च कट्टी नदिने भनी ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय कानूनसम्मत नै रहेको देखियो।

२०. पुनरावेदक करदाताको चौथो पुनरावेदन जिकिर, करलेखा परीक्षण प्रतिवेदनका आधारमा विभिन्न फर्महरुसँग करदाताले गरेको खरिदलाई अमान्य गरी रू.२४,८३,४७,९५९।६१ खर्च कट्टी गर्न नपाउने गरी भएको निर्णय त्रुटीपुर्ण रहेको भन्ने देखिन्छ। करदाताले विभिन्न १५ वटा फर्महरुबाट सामान खरिद गरेको देखाइ मुल्य अभिवृद्धि कर तर्फ क्रेडिट दावी गरेको र आयकर तर्फ पनि खर्च कट्टी दावी गरेको रू.२४,८३,४७,९५९।६१ को खर्च कट्टी दावी गरेको देखिन्छ। कारोवार गरेका फर्महरुको कारोवारस्थल एंव जिम्मेवार व्यक्तिको ठेगाना पुनरावेदक करदाताका आधिकारीक प्रतिनिधि Li Ping ले आफ्नो बयानमा खुलाउन सकेको देखिदैन। सामान आपुर्ति गर्ने फर्महरुले विजक अनुसारको रकम प्राप्त

गरेको नदेखिएको भनी पत्रबाट जानकारी गराएको समेतका आधारमा उल्लिखित फर्महरुबाट करदाताले सामान खरिद गरेको भन्ने नै देखिँदैन। सामान खरिद गरिएका भनिएका पन्चकन्या स्टील प्रा.लि. समेतका १५ वटा फर्महरुबाट कारोवार गरेको भन्ने ढुवानीका वील भौचर, विजक भुक्तानी गरेको र प्रतिफल प्राप्त गरेको भरपाई लगायतका प्रमाण कागजातहरु पेश गर्न समेत नसकिरहेको अबस्थामा आयकर ऐन, २०५८ को दफा १५ वमोजिम व्यापार मौज्दातको लागत खर्च कट्टी गर्न नपाउने भनी शूरु ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय कानूनसम्मत नै रहेको देखियो।

२१. त्यसैगरी पुनरावेदक करदाताले लिएको पाचौ पुनरावदेन जिकिर हेर्दा, करदातासँग भएको करार रकमको प्रत्येक कार्यको परिमाणको इकाई दरमा १५ प्रतिशत मुनाफा कायम गरी यस आ.व.मा भएको खर्चको आधारमा सम्पन्न प्रतिशत गणना गरी रु.२१,९२,८१,०८६।६३ करदाताको आयमा समावेश गरेको त्रुटीपूर्ण हुँदा खारेज गरी पाउ भनी दावी रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २(झ) मा "दीर्घकालीन करार" भन्नाले करारको वहाली अवधि- बाह्र महिना भन्दा वढी भएको दफा २६ वमोजिमको करार सम्झनुपर्छ भन्ने उल्लेख भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २६(१) मा "कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको दिर्घकालीन करार अन्तर्गत करारको सम्पन्न प्रतिशत अनुसार क्रमवद्ध वृद्धिको योग अनुसार समावेश हुने र क्रमवद्ध वृद्धिको योग अनुसार कट्टी गरिने अनुमानित रकम प्राप्त गरिएको वा खर्च गरिएको मानिनेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार करार सम्झौताको प्रत्येक कामको परिमाणको एकाई दरमा १५ प्रतिशत मुनाफा समावेश गरेर अनुमानित लागत रकमको आधारमा यस आर्थिक वर्षसम्म भएको खर्चको आधारमा जम्मा सम्पन्न प्रतिशत गणना गरी दीर्घकालिन करार अनुसार आयकर ऐन, २०५८ को दफा २६(१) बमोजिम आयमा समावेश नगरेको भनी लागत अनुमानको आधारमा फरक पारी कम आय देखाए वापतको रु.२१,९२,८२,०८६।६३ आयमा समावेश गर्ने निर्णय भएको पाइयो। सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ भने सोही दफाको उपदफा (१९) मा प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको पाइयो। करदाता सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) बमोजिम परिभाषित सार्वजनिक निकाय वा प्रचलित

कानून बमोजिम दर्ता भएको संस्था रहे भएको देखिएन। नेपाल विद्युत प्राधिकरणसँगको ठेक्कासँग सम्बन्धित काम गर्ने Chaina Genchouba Group Ltd मातहतको निजी परियोजनाको रुपमा रहेको करदाताको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ आकर्षित गरी दीर्घकालिन करार अन्तर्गत प्रत्येक कामको परिमाणको एकाई दरमा १५ प्रतिशत मुनाफा समावेश गरेर अनुमानित आयमा समावेश गर्नुपर्नेमा कम आय देखाएको रु.२१,९९,८१,०८६।६३ करदाताको आयमा समावेश गर्ने शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयमा समेत कानूनी त्रुटि विद्यमान देखिंदा उक्त निर्णय उल्टी गर्नुपर्ने देखियो।

२२. पुनरावेदक करदाताले लिएको छैठौ पुनरावेदन जिकिर विगत वर्षहरुको नोक्सानी दावी सम्बन्धी विषय माथिल्लो निकायमा विचाराधीन रहेको अवस्थामा कानुन बमोजिम नोक्सानी कट्टी गर्न पाउनु पर्ने भन्ने रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २०(१) मा "कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछः-" भनी देहाय खण्ड (ख) मा "त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी" भनी सोको प्रतिबन्धात्मक वाक्याशमा "तर सार्वजनिक पुर्वाधार संरचनाको निर्माण तथा सन्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना, विद्युत गृह निर्माण, उत्पादन तथा प्रशारण गर्ने आयोजना र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत बाह्र बर्षको कट्टी हुन नपाएको नोक्सानी।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। अघिल्लो आ.ब. २०६५।०६६ को संशोधित कर निर्धारण उपर यिनै करदाताले यस न्यायाधिकरणमा दायर गरेको ०७६-RB-०१३४ को मुद्दामा आज यसै इजलासबाट केही उल्टी हुने गरी फैसला भएको हुँदा यो आ.ब. २०६६।०६७ को ठूला करदाता कार्यालयबाट भएको नोक्सानी कट्टी तर्फको संशोधित कर निर्धारण आदेश यथावत रहन सक्ने नहुँदा आयकर ऐन, २०५८ को दफा २०(१) अनुसार विगत आर्थिक वर्षबाट जिम्मेवारी सरेको व्यवसायको नोक्सानी कट्टी नदिने गरी भएको संशोधित कर निर्धारण आदेश सो हदसम्म मिलेको नदेखिँदा उल्टी गर्नुपर्ने देखियो।

२३. करदाताले पुनरावेदन पत्रमा अन्तिम जिकिरको रुपमा आयकर ऐन, २०५८ को दफा ११७, ११८, ११९ र १२० बमोजिम शुल्क लगाएको समेत त्रुटिपूर्ण छ भनी जिकिर लिएको पाइयो। आयकर ऐन, २०५८ को दफा ११७ मा कागजात वा विवरण वा आय विवरण दाखिला नगरेमा शुल्क लाग्ने, आयकर ऐन, २०५८ को दफा ११८ मा कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम सम्बन्धमा

खण्ड (क) मा उल्लिखित रकम भन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम व्याज लाग्ने र सोही ऐनको दफा ११९ को उपदफा (१) मा कर तिर्नुपर्ने तोकिएको मितिसम्म व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधि भरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य व्याज लाग्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। स्वयंकर निर्धारण गरी करदाताले कर दायित्व सुन्य देखाएको पाइयो। कर कानूनको परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्व यकीन भइसकेको स्थितिमा दफा ११७, ११८ र ११९ बमोजिम शुल्क र व्याज कानून बमोजिम लाग्ने नै देखिंदा यस सम्बन्धमा लिएको करदाताको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन। जहाँ सम्म आयकर ऐन, २०५८ को दफा १२० बमोजिम शुल्क लगाएको कानून विपरित रहेको भन्ने जिकिर छ सो सम्बन्धमा हेर्दा, उक्त दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्टा वा भ्रमपुर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपुर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ।" भन्ने व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपुर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपुर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत।" भन्ने र खण्ड (ख) मा "जानाजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपुर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत।" भन्ने व्यवस्था रहेको पाइयो। प्रस्तुत मुद्दामा करदाताले आ.व. २०६६।६७ को आय विवरण पेश गर्दा अस्तित्वमा नै नरहेको फर्मबाट सामान खरिद गरेको भनी विजक नै पेश नगरी तथा कतिपय फर्महरुबाट झुठ्ठा र नक्कली विजक समेत बनाई खरिद देखाई खर्च कट्टीको दावी गरेको कारण करदाताको आय विवरण भ्रमपूर्ण भएको पुष्टि हुन्छ। यस स्थितिमा यी करदाताको हकमा आयकर ऐन, २०५८ को दफा १२० आकर्षित हुने नै देखिंदा जानी जानी झुठ्ठा र भ्रमपूर्ण विवरण पेश गरेकोमा शत प्रतिशत थप शुल्क लगाउनु कानून सम्मत नै हुँदा करदाताको यो जिकिर सँग समेत सहमत हुन सकिएन ।

२४. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सि.जि.जि.सी. चमेलिया प्रोजेक्ट डिपाटमेन्ट अफ नेपाल (स्थायी लेखा न. ३०२४८३३९६) को आ.ब. २०६६/६७ को संशोधित कर निर्धारण गर्दा दीर्घकालिन करार अन्तर्गत करारको सम्पन्न वापत १५ प्रतिशतको दरले मुनाफा कायम गरी आयको गणना गरेको र नोक्सानी कट्टी तर्फ खर्च कट्टी अमान्य गरेको हद सम्म श्री ठूलाकरदाता कार्यालय ललितपुरबाट मिति २०७३।०३।२९ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।११।१४ मा भएको निर्णय समेत सो हदसम्म

मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्य शिर्षकमा पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

१. माथी ठहर खण्डमा लेखिएबमोजिम करदाताको आ.ब. २०६६/६७ को संशोधित कर निर्धारण गर्दा दीर्घकालिन करार अन्तर्गत करारको सम्पन्न वापत १५ प्रतिशतको दरले मुनाफा कायम गरी आयको गणना गरेको र नोक्सानी कट्टी तर्फ खर्च कट्टी अमान्य गरेको निर्णय केही उल्टी हुने ठहर भएकोले उक्त शीर्षकमा करदाताको पुनःसशोधित कर निर्धारण गरी कायम हुन आएको कर रकम भन्दा बढी दाखिँला भएको देखिएमा कानुन बमोजिम करदातालाई फिर्ता दिनु भनी शुरु ठुला करदाता कार्यालय ललितपुरमा पठाईदिनू।

२. फैसलाको प्रतिलिपी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।

३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालयमा र रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना

(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी

(राजस्व सदस्य)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१. यसमा ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेलबाट भएको मिति २०७३।०३।२९ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०५।२७ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विष्णु प्रसाद नेपालबाट मिति २०७५।११।१४ मा भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम

न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित विवादित कर रु.६८,३८,१७,९९६।१० को पचास प्रतिशतले हुने रु.३४,१९,०८,९९८।०५ पुनरावेदन धरौटी दाखिला भए/नभएको तथा पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७६।०३।१३ मा पुनरावेदन दर्ता गरेको देखियो ।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ मा क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो । करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारण गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ । न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा यकिन गर्नु पर्ने समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न

गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्ड मै उल्लेख गर्नु पर्ने देखियो ।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा “अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न” उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम आयकर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री समिर शर्माबाट निर्धारित करको तोकिए अनुसारको धरौटी भन्दा बढी अग्रिम दाखिला भएकोले सोको आधारमा राजस्व न्यायाधिकरणले पुनरावेदन दर्ता गरेको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी दाखिला भएको पाइएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो ।

६. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा आयकर (२०६६/०६७) तर्फको मुद्दामा आयकर ऐन,२०५८ को दफा ११५ र ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्ता गर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी रकम सम्बन्धमा ऐ. प्रचलित ऐन र नियमहरुमा भएको व्यवस्था तथा सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने च.नं. १०८५ मिति २०७३।०३।३१ को पत्रानुसार नोक्सानीमा फरक परेको करयोग्य आय रु.८९,४२,५५,१८३।६८ को २५ प्रतिशतले हुने कर रु.२२,३५,६३,७९५।९२ र निर्धारित (विवादित) कर रु.४६,०२,५४,२००।१८ समेत कुल निर्धारित (विवादित) कर रु.६८,३८,१७,९९६।१० को क्रमशः राजस्व एकतिहाई र धरौटी ५० प्रतिशत समेतले हुने रु.५६,९८,४८,३३०।०८ दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको

पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७३।०५।२७ पश्चात पनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.३४,१९,०८,९९८।०५ दाखिला गर्नु पर्नेमा भौचर नं ०८३७९२३७ मिति २०७६।०३।१२ मा राजस्व शिर्षि नं ११९२४ (निकायको मुनाफामा लाग्ने कर -अन्य संस्था) बाट सर्वसञ्चितकोषमा दाखिला भएको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.७,६७,०९,०३४।- लाई गणना गर्दा पनि रु.२६,५१,९९,९६४।०५ धरौटी अपुग देखिएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।– भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व

न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.२६,१७,८५,४९४।७९ धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१३. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन” भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (विवादित) कर रु.६८,३८,१७,९९६।१० को क्रमशः राजस्व एकतिहाई र धरौटी ५० प्रतिशत समेतले हुने रु.५६,९८,४८,३३०।०८ दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७३।०५।२७ पश्चात पनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.३४,१९,०८,९९८।०५

दाखिला गर्नु पर्नेमा भौचर नं ०८३७९२३७ मिति २०७६।०३।१२ मा राजस्व शिर्षि नं ११११२४ (निकायको मुनाफामा लाग्ने कर -अन्य संस्था) बाट सर्वसञ्चितकोषमा दाखिला भएको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.७,६७,०९,०३४।- लाई गणना गर्दा पनि रु.२६,५१,९९,९६४।०५ अपुग पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा समेत मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानून सदस्य र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा उक्त दफा ९ को उपदफा (१) बमोजिम हुने रु.३४,१९,०८,९९८।०५ धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी भएको फैसला तथा ठहरमा सहमत हुन सकिएन।

१४. उल्लिखित कानूनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानून तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको तथा नोक्सानीमा फरक परेको करयोग्य आयको विवादमा पुनरावेदन दर्ता गर्दा धरौटी राख्नु नपर्ने व्यवस्था ऐनमा नभएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानूनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण

ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा भएको व्यवस्था विपरित हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन । अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्बोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट ***"पुनरावेदक करदाता सि.जि.जि.सी. चमेलिया प्रोजेक्ट डिपाटमेन्ट अफ नेपाल (स्थायी लेखा न. ३०२४८३३९६) को आ.ब. २०६६/६७ को संशोधित कर निर्धारण गर्दा दीर्घकालिन करार अन्तर्गत करारको सम्पन्न वापत १५ प्रतिशतको दरले मुनाफा कायम गरी आयको गणना गरेको र नोक्सानी कट्टी तर्फ खर्च कट्टी अमान्य गरेको हद सम्म श्री ठूलाकरदाता कार्यालय ललितपुरबाट मिति २०७३।०३।२९ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।११।१४ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्य शिर्षकमा पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन"*** भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१५. यसमा पुनरावेदक करदाता सि.जि.जि.सी. चमेलिया प्रोजेक्ट अफ नेपाल (स्थायी लेखा नं ३०२४८३३९६) को आयकर (२०६६/०६७) तर्फको मुद्दामा आयकर ऐन,२०५८ को दफा ११५ र ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्ता गर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी रकम सम्बन्धमा ऐ. प्रचलित ऐन र नियमहरुमा भएको व्यवस्था तथा सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राखु पर्ने च.नं. १०८५ मिति २०७३।०३।३१ को पत्रानुसार नोक्सानीमा फरक परेको करयोग्य आय रु.८९,४२,५५,१८३।६८ को २५ प्रतिशतले हुने कर रु.२२,३५,६३,७९५।९२ र निर्धारित (विवादित) कर रु.४६,०२,५४,२००।१८ समेत कुल विवादित कर रु.६८,३८,१७,९९६।१० को पचास प्रतिशतले हुने रु.३४,१९,०८,९९८।०५ धरौटी राख्नु पर्नेमा प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०५।२७ मा निवेदन दर्ता गरे पश्चात भौचर नं ०८३७९२३७ मिति २०७६।०३।१२ मा राजस्व शिर्षिक नं

११ १२४ (निकायको मुनाफामा लाग्ने कर -अन्य संस्था) मा दाखिला गरेको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.७,६७,०९,०३४।- लाई गणना गर्दा पनि नपुग रु.२६,५१,९९,९६४।०५ धरौटी दाखिल गरेको पाइएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) बमोजिमको रु.३४,१९,०८,९९८।०५ धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। यस अवस्थामा माननीय अध्यक्ष तथा कानून सदस्य र राजस्व सदस्यबाट भएको उल्लिखित बहुमतको फैसलामा सहमत हुन सकिएन । प्रस्तुत पुनरावेदन दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल भाद्र १२ गते रोज १ शुभम..............................
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप